लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
## डिभिजन वन कार्यालय, पाल्पा

प.सं. :- २०८१/८२ योजना
च.नं. :-

मितिः २०८१/११/१६

**बिषयः शिलबन्दी बोलपत्रबाट वनपैदावार** (नदिजन्य पदार्थ) **लिलाम बिक्रिको सूचना** ।।।

प्रस्तुत बिषयमा रामपुर न.पा. २, बाँदरकुनामा मा घाटगद्दी भएको तपशिलमा उल्लेखित लटका वन पैदावार (नदिजन्य पदार्थ) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै संक्षिप्त सूचना मिति २०८१/११/१६ गतेको बुटवल टुडे राष्टिय दैनिक पत्रिकामा समेत प्रकाशित गरिएको छ । मुल्य अभिबृद्धी कर वा स्थायी लेखा नम्बरमा दर्ता भएका ईच्छुक फर्मले मिति २०८१/१२/०७ गते कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरि शिलबन्दि बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ

**१. लिलाम हुने वनपैदावारको बिवरण**

**(क) नदिजन्य पदार्थ**

| बिबरण | परिमाण घ.फि. | न्युनतम मुल्य रु. | कैफियत |
|---|---|---|---|
| बेवारेसि बरामद-नदीजन्य पदार्थ (ढुङ्गा-७८८८.२५ घ.फि. बालुवा.४८५५.१२ घ.फि., मिस्कट-६१५.४५ घ.फि.) | १३३५८.८२ | १,१८,४०७.४८ | |
| **जम्माः** | १३,३५८.८२ | १,१८,४०७.४८ | |

२. माथि उल्लेखित पत्रिकामा सूचना प्रकाशित भएको मितिले २१ औ दिन २०८१/१२/०७ गते सम्म कार्यालय समय भित्र यस कार्यालय र प्रदेश वन निर्देशनालय, बुटवल, रुपन्देहीबाट बोलपत्र खरिद गर्न सकिनेछ । बोलपत्र खरिद गर्नको लागि प्रोप्राइटर आफै वा उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोप्राइटरको मञ्जुरीनामा निवेदनका साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । बोलपत्र खरिद गर्दा निवेदन साथ आवश्यक कागजातहरु (नेपाली नागरिकताको प्रमाण–पत्र, कर दर्ता प्रमाण–पत्र, मु.अ.कर वा स्थायी लेखा नम्बर, कर चुक्ता प्रमाण.पत्र लगायत ) पेश गर्नु पर्नेछ ।

३. बोलपत्रको मूल्य रु १०००।० बोलपत्र फाराममा उल्लेख भए बमोजिम ।

४. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय २०८१/१२/०८ गते अपरान्ह २ बजे सम्म ।

५. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको तानसेन स्थित रा.वा.वैंकमा रहेको प्रदेश धरौटी खाता ख २ नं ३०३०१००२०२०३०००० (कार्यालय कोड ३२९०१५००१५) मा जम्मा गरेको बैंक भौचर वा यस कार्यालयको नामको बैंक ग्यारेन्टि साथमा राखि पेश गर्नु पर्नेछ ।

६. लिलाम बढाबढ हुने वनपैदावार यस कार्यालयमा सम्पर्क राखी घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

७. बोलपत्रमा सकार गरेको रकम अँक र अक्षर दुबैमा लेख्नु पर्नेछ । अँक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

८. सबै ठाउँमा दर्ता भएका बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएको न्युनतम संख्याका र रितपूर्वक दर्ता भएका बोलपत्रहरु यस कार्यालयमा प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खोल्ने बारेको सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९. बोलपत्र खरिद गर्ने अन्तिम दिन बिदा परेमा बोलपत्र दर्ता गर्ने दिन दर्ता गर्ने समय भन्दा १ घन्टा अगावै बोलपत्र खरिद गरी तोकिएको समय भित्र दाखिला गर्न सकिनेछ र बोलपत्र दर्ता गर्ने अन्तिम दिन बिदा परे कार्यालय खुलेको दिन तोकिएको समय भित्र बोलपत्र दर्ता गर्न सकिनेछ । बोलपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दुबै दिन बिदा परे कार्यालय खुलेको पहिलो दिन बोलपत्र खरिद गरी दोस्रो दिन तोकिएको समय भित्र बोलपत्र दर्ता गर्न सकिनेछ ।

१०. लिलाम स्विकृत भएको जानकारी कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ । सूचनाको जानकारी लिने दायित्व बोलपत्रदाताको हुनेछ । सूचना टाँस भएको मितिले ४५ दिन भित्र सकार रकम र सो संवन्धी कर समेत बुझाई तोकिएको अवधि भित्र उक्त वन पैदावार निकासी गरि सक्नु पर्नेछ ।

११. बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार संवन्धित निकायमा सुरक्षित रहनेछ ।